मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १५३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८३ बैशाख ९ गते बुधबार (Wednesday, 22 April. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सामाजिक सञ्जालमा धम्की दिएपछि...

**काठमाडौं, बैशाख ८।** सामाजिक सञ्जालमा धम्कीपूर्ण अभिव्यक्ति दिने कार्यमा संलग्न रहेको अभियोगमा बझाङ थलरा गाउँपालिका-४ मयल ठेगाना भएका २० वर्षीय सानु भाइ भन्ने साजन बिष्टलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-९ सिनामंगलबाट पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा बिष्टले आफ्नो फेसबुक

*(बाँकी अन्तिम पृष्ठमा)*

## इन्धनको खपत घटाउन प्यालेट उत्पादन शुरु



**झापा, बैशाख ८।** विश्व बजारमा ऊर्जा संकट भइरहेको बेला झापाको मेचीनगर-१५ स्थित पराजुली बायोमास ब्रिकेट उद्योगले इन्धन र कोइलाको खपत घटाउन प्यालेट उत्पादन शुरु गरेको छ।

उद्योगले सोमबार अक्षय तृतीयाको अवसरमा ब्रिकेटसँगै प्यालेट (बोटबिरुवा कटानपछि निस्किने भुस र फोहोरलाई प्रशोधन गरी इन्धनको रूपमा प्रयोग गर्न मिल्ने ठोस ऊर्जा सामग्री) उत्पादन शुरु गरेको हो। वि.सं. २०७५ साल माघमा करिब १२ करोड लगानीमा स्थापना भएको उद्योगले यसअघि ब्रिकेट मात्र उत्पादन गर्दै आइरहेको थियो। थप ५ करोडको लागतमा छुट्टै प्लान्ट बनाएर प्यालेट उत्पादन शुरु गरिएको उद्योगका सञ्चालक आदित्य पराजुलीले जानकारी दिए।

बढ्दो वायु प्रदूषण रोक्न, भारतबाट आयातित कोइला र इन्धन खपत घटाउन प्यालेट र ब्रिकेट उत्पादनमा जोड दिएको सञ्चालक पराजुलीको भनाइ छ। प्यालेट र ब्रिकेट ग्रीन इन्भारोमेन्टको हिस्सा हो। यसले दाउरा कटान घटाउँछ, दाउरा वा काठको भुस उपयोग हुन्छ र धुवाँ र कार्बन उत्सर्जन कम गराउँछ। यो कम धुवा र वातावरणमैत्री इन्धनको रुपमा प्रयोग गर्न सकिने बताउँदै सञ्चालक पराजुलीले भने- 'आगोबाट चल्ने यहाँका चिया लगायत अन्य ठूला उद्योगले सजिलै प्यालेटलाई प्रयोगमा ल्याउन सक्छन्।'

हामी पेट्रोल, डिजेल र कोइलामा परनिर्भर छौं। हामीलाई ती वस्तु दियो भने आउँछ, नत्र आउँदैन। अहिले मध्यपूर्व द्वन्द्वले ऊर्जा संकट भएर इन्धनको मूल्य पनि आकाशिएको छ।

त्यसैले प्यालेट र ब्रिकेट भनेको हाम्रै देशमा उम्रिएको बोटबिरुवाबाटै बनेको वस्तु हो। नेपाल सरकारले वन डढेलो रोक्नका लागि प्यालेट उत्पादनमा विशेष ध्यानदिनु पर्ने बताउँदै उनले भने- डढेलो लागेर जुन बोटबिरुवा खेर गएको छ, भोलिका दिनमा त्यसलाई पनि पैसामा परिणत गर्न सकिन्छ। त्यो भनेको ग्रीन गोल्ड हो, जुन हामी किन्छौ। कोइला खरिदमा जुन रकम भारत जाँदैछ त्यसलाई शून्यमा झार्न सक्छौं।

*(बाँकी अन्तिम पृष्ठमा)*

### शैक्षिक सत्र बीचको 'खाली समय' ले बढायो चिन्ता

# विद्यालय सञ्चालनको माग गर्दै पालिकामा ज्ञापन

, **वैशाख ८।** नयाँ शैक्षिक सत्र शुरु हुन अझै केही दिन बाँकी रहँदा झापाको बाह्रदशी गाउँपालिकामा अभिभावक, विद्यालय सञ्चालक र स्थानीय सरकारबीच 'बिद्यालय खोल्ने कि नखोल्ने' बहस चर्किएको छ।

यो बहस केवल प्रशासनिक निर्णयको विषय मात्र नभई बिद्यार्थीको सिकाइ निरन्तरता, व्यवहारिक विकास र मनोसामाजिक अवस्थासँग प्रत्यक्ष जोडिएसंगै बहस चर्किएको हो। संघीय सरकारको निर्णय अनुसार वैशाख १५ गतेबाट शैक्षिक सत्र शुरु हुने र बैशाख २१ गतेदेखि मात्र नियमित पठनपाठन सञ्चालन गर्ने तालिका तय गरिएको छ।

मन्त्रिपरिषद्को गतचैत २२ गतेको निर्णय अनुसार शनिबार र आइतबार सार्वजनिक बिदा दिने व्यवस्थासहित नयाँ शैक्षिक सत्रको ढाँचा परिमार्जन गरिएको थियो। सोही निर्णय कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले देशभरका स्थानीय तह र विद्यालयलाई परिपत्र गर्दै निर्धारित मितिभन्दा अघि औपचारिक पठनपाठन शुरु नगर्न निर्देशन दिएको छ।

केन्द्रले यसबीचको अवधिलाई विद्यालय व्यवस्थापनका लागि उपयोग गर्न सुझाएको छ। यो समय वार्षिक कार्यतालिका निर्माण, बिद्यालय सुधार योजना अद्यावधिक, शिक्षकको पेशागत क्षमता विकास, तथा शैक्षिक गुणस्तर अभिवृद्धिका तयारी जस्ता गतिविधिमा केन्द्रित हुन आग्रह गरिएको छ।

लामो समय विद्यालय बन्द रहँदा विद्यार्थीहरू घरमै छन्। अभिभावकहरूका अनुसार यसले बालबालिकाको दैनिक



जीवनशैलीमा नकारात्मक प्रभाव पार्न थालेको छ। मोबाइल, टेलिभिजन र अन्य डिजिटल उपकरणमा अत्यधिक समय बिताउने प्रवृत्ति बढ्दै गएको भन्दै अभिभावकले चिन्ता व्यक्त गर्न थालेका छन्। बालबालिकामा पढाइप्रति रुचि घट्दै गएको देखिन्छ- एक अभिभावकले गुनासो गरे।

अभिभावको गुनासो आएसंगै निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) बाह्रदशीले वैशाख १० गतेदेखि विद्यालय सञ्चालन गर्न पाउनुपर्ने माग गर्दै गाउँपालिकामा ध्यानाकर्षण पत्र बुझाएको छ।

प्याब्सनका प्रतिनिधिहरू बाह्रदशी अध्यक्ष निमेश ढुङ्गेल, झापा सचिव लक्ष्मीप्रसाद उप्रेती, एन-प्याब्सन कोशी प्रदेशका उपाध्यक्ष रामकुमार सिंह राजवंशीसहितको टोलीले गाउँपालिकाका कार्यवाहक अध्यक्ष शान्तादेवी शिवाकोटी खरेल, निमित्त प्रमुख प्रशासकीय अधिकृत नारायण खरेल र शिक्षा शाखा प्रमुख गीता सुवेदीलाई उक्त पत्र हस्तान्तरण गरेको हो।

प्याब्सन बाह्रदशीका अध्यक्ष ढुङ्गेलका अनुसार विद्यालय बन्द हुँदा सिकाइको निरन्तरता टुट्ने मात्र होइन, बिद्यार्थीको समग्र विकासमा अवरोध पुग्ने जोखिम बढेको छ। हामीले नियमित पठनपाठनको माग गरेका होइनौं- उनले स्पष्ट पारे- तर विद्यार्थीलाई विद्यालयमा ल्याएर उनीहरूको दिनचर्या व्यवस्थित गर्ने, नैतिक शिक्षा, योग, अतिरिक्त क्रियाकलापमार्फत उनीहरूलाई सक्रिय राख्ने प्रयास गर्न खोजेका हौं।

ढुङ्गेलका अनुसार बाह्रदशी गाउँपालिका भारतीय सीमासँग जोडिएको क्षेत्र भएकाले यहाँका विद्यार्थीहरू भारततर्फ अध्ययनका लागि जाने प्रवृत्ति पनि देखिन्छ। लामो समय विद्यालय बन्द हुँदा अभिभावकले विकल्प खोज्न थाल्छन्। यसले स्थानीय शिक्षा प्रणालीमै असर पार्न सक्छ- उनले भने।

एन-प्याब्सन कोशी प्रदेशका उपाध्यक्ष रामकुमार सिंह राजवंशीले पनि यही चिन्ता दोहोऱ्याए। उनका अनुसार फागुन र चैतमै धेरै विद्यालयले वार्षिक परीक्षा सम्पन्न

*(बाँकी अन्तिम पृष्ठमा)*

## विभिन्न देश पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, बैशाख ८।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं बुढानिलकण्ठ नगरपालिका-१३ बस्ने रौतहट बौधीमाई नगरपालिका-७ घर भएका २५ वर्षीय मिथिलेश कुशवाह, काठमाडौं महानगरपालिका-३२ बस्ने भोजपुर नगरपालिका-७ घर भएका ४४ वर्षीय केदारबहादुर भण्डारी, भक्तपुर मध्यपुर थिमी नगरपालिका-१ बस्ने सप्तरी सुरूङ्गा नगरपालिका-५ घर भएका ५३ वर्षीय रामतुला मियाँ र ललितपुर महालक्ष्मी नगरपालिका-३ बस्ने भक्तपुर सूर्यविनायक नगरपालिका-७ घर भएकी ५५ वर्षीया सुनिता खत्री रहेका छन्।

पक्राउ मध्ये मिथिलेशले कुवेत पठाइदिन्छु भन्दै एक जनाबाट ३ लाख ५० हजार रूपैयाँ, केदारबहादुरले पोर्चुगल पठाइदिन्छु भन्दै एक जनाबाट १ लाख २५ हजार रूपैयाँ तथा रामतुला र सुनिताले अल्बानिया पठाइदिन्छु भन्दै एक जनाबाट ३ लाख ५० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध

*(बाँकी अन्तिम पृष्ठमा)*

## २३ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइयो



**काठमाडौँ, वैशाख ८।** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गरेको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत करिब २३ लाख लाख बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल खुवाइएको छ।

यही वैशाख ६ र ७ गते सञ्चालन गरिएको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम अन्तर्गत ती बालबालिकालाई भिटामिन 'ए' र २१ लाख बालबालिकालाई जुकाको औषधि खुवाइएको मन्त्रालयका सूचना अधिकारी डा. भक्त केसीले जानकारी दिए। यस्तै आठ लाख बालबालिकालाई बालभिटा खुवाइएको छ।

देशैभरका छ महिनादेखि देखि ५९ महिनाका बालबालिकालाई भिटामिन 'ए' तथा १२ महिनादेखि ५९ महिनाका बालबालिकालाई जुकाको औषधि र छ महिनादेखि २३ महिनाका बालबालिकालाई बालभिटा खुवाइएको थियो। आँखाको दृष्टिलाई जोगाउने, रोग प्रतिरोधात्मक क्षमता बढाउने, कुपोषण कम गर्ने र बालमृत्युदर घटाउने सरकारले बालबालिकालाई भिटामिन 'ए', जुकाको औषधि र बालभिटा खुवाउने गरेको छ।

राष्ट्रिय भिटामिन 'ए' कार्यक्रममा

*(बाँकी अन्तिम पृष्ठमा)*

## ठगी आरोपमा निर्दोष पक्राउ

**इलाम, बैशाख ८।** ठगीमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-३२ पेप्सीकोलास्थित स्काई वाल्क टुर्स एण्ड ट्राभल्स प्रालिका सञ्चालक काठमाडौं पेप्सीकोला बस्ने इलाम सूर्योदय नगरपालिका-१२ तीनघरे घर भएका २३ वर्षीय निर्दोष सापकोटालाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उनलाई काठमाडौं पेप्सीकोलाबाट पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा सापकोटाले सामाजिक सञ्जाल फेसबुक, टिकटक र इन्स्ट्राग्राममा स्काई वाल्क टुर्स एण्ड ट्राभल्स प्रालिको पेजबाट वैदेशिक भ्रमणको लागि थाइल्याण्ड जान सम्पर्क गर्नु भनी विज्ञापन राखी थाइल्याण्डमा जान भिषा, हवाई टिकट, होटल बुकिङ, गाइड समेतको सुबिधा छ, सो भ्रमण प्याकेज १ हप्ताको हुन्छ भनी जानको लागि लाग्ने रकम उक्त प्रालिको नाममा रकम पठाउन लगाइ विभिन्न किसिमको बहानाहरू बनाइ टार्ने झुलाउने कार्य गरी ठगी गरेको खुल्न आएको छ।

साथै उनले नक्कली टिकट र भिसा बनाइ झुक्यानमा

*(बाँकी अन्तिम पृष्ठमा)*

## आगलागीमा जलेर दुई जनाको मृत्यु

**उदयपुर, वैशाख ८।** उदयपुरको चौदण्डीगढी नगरपालिका-७ बेल्टार बजारमा सोमवार राति भएको भीषण आगलागीमा परी दुई जनाको जलेर मृत्यु भएको छ। आगलागीमा करिब ६३ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा उल्लेख गरिएको छ।

प्रहरीका अनुसार स्थानीय पदम खड्का र रवीनकुमार दासको घरबाट अचानक आगलागी शुरु भएको थियो। आगलागीमा परी पदम खड्काका बुवा अन्दाजी ७० वर्षीय लक्ष्मीनारायण खड्का र उनका नाति पवन खड्काको जलेर मृत्यु भएको हो।

आगलागीबाट रवीनकुमारको काठको घर तथा किराना पसलमा करिब २० लाख रुपैयाँ बराबरको क्षति भएको छ भने पदमको घर तथा दुई वटा खसी समेत गरी करिब ३१ लाख रुपैयाँ बराबरको क्षति भएको बताइएको छ।

त्यस्तै पदमको घरमा सञ्चालनमा रहेको मित्र थापामगरको स्टेशनरी पसलमा करिब ६ लाख रुपैयाँ, होमबहादुर परियारको करिब २ लाख रुपैयाँ तथा मैया पौडेलको पसल र अन्य सामग्रीमा करिब चार लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी नायव उपरीक्षक निरञ्जन थापाको कमाण्डमा प्रहरी टोली घटनास्थलमा खटिएको थियो। सुरक्षाकर्मी, दमकल र स्थानीयवासीको सहयोगमा आगो पूर्ण रूपमा नियन्त्रणमा ल्याइएको प्रहरीले जनाएको छ। मृतक दुवै जनाको शव हाल नगर अस्पताल बेल्टारको शव गृहमा राखिएको छ। आगलागीको कारणबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

## कोशीका दुई ठूला आयोजनामाथि छानबिन

**झापा, वैशाख ८।** विकासको प्रतीक बनाउने दाबीका साथ अघि बढाइएका कोशी प्रदेशका दुई 'गौरवका आयोजना' अपेक्षित नतिजा दिन नसकेपछि प्रदेशसभाको अर्थ समितिले छानविन प्रक्रिया शुरु गर्ने भएको छ।

सुनसरीको कोशी गाउँपालिकामा निर्माणाधीन 'कोशी रिफ्रेसमेन्ट सेन्टर' र झापाको गौरादहस्थित पोखरी संरक्षण तथा सौन्दर्यकरण परियोजनामा ठूलो सार्वजनिक लगानी भए पनि उपलब्धी न्यून देखिएपछि समितिले निगरानीमा कडाइ गर्न लागेको हो।

प्रदेश सरकारले 'गौरवका आयोजना'को रूपमा प्राथमिकता दिएको यी परियोजनामा वर्षौंदेखि बजेट खर्च भइरहँदा पनि न निर्माणले गति लिएको छ, न त प्रतिफल नै देखिएको छ। यही सन्दर्भमा बढ्दो जनगुनासो र बजेट दुरुपयोगको आशंकालाई आधार मान्दै अर्थ समितिले स्थलगत




अनुगमनमार्फत यथार्थ पत्ता लगाउने तयारी गरेको हो।

समितिको निर्णय अनुसार आगामी १२ र १३ वैशाखमा दुवै आयोजनास्थलमा पुगेर प्रत्यक्ष अवलोकन गरिनेछ। अनुगमनका क्रममा प्राविधिक अवस्था, खर्चको पारदर्शिता, कार्यान्वयन प्रक्रियामा देखिएका कमजोरी तथा स्थानीय तहको भूमिका समेत मूल्यांकन गरिने जनाइएको छ।

अर्थ समितिका सभापति बिनोद बान्तवाले समितिको बैठकमै सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै छानबिन प्रक्रियालाई प्रभावित पार्ने प्रयास भइरहेको आरोप लगाए। उनका अनुसार सांसदहरूलाई विभिन्न प्रलोभनमा पारेर बेथितिबिरुद्ध बोल्न नदिने वातावरण सिर्जना गर्न खोजिएको छ। उनले समितिका सदस्यहरूलाई निष्पक्ष र निर्भीक ढंगले काम गर्न आग्रह गर्दै दलगत स्वार्थभन्दा माथि उठेर सार्वजनिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने बताए।

झापाको गौरादह पोखरी संरक्षण परियोजना यसको स्पष्ट उदाहरणका रूपमा उभिएको छ। वि.सं. २०६५ सालदेखि शुरु भएको यो योजना प्रारम्भमा तीन करोड ८५ लाख रुपैयाँमा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। तर, गुरुयोजना पटक-पटक परिमार्जन हुँदै लागत बढेर हाल करिब ३५ करोड रुपैयाँ पुगेको छ। यति ठूलो लगानी भइसके पनि पोखरीको अवस्था अपेक्षित रूपमा सुधार हुन नसकेको स्थानीयको गुनासो छ।

विशेषगरी आर्थिक वर्ष २०७४/०७५पछि तीव्र रूपमा बजेट बिनियोजन भए पनि कामको गुणस्तर र दीर्घकालीन प्रभाव सन्तोषजनक देखिँदैन। उपभोक्ता समितिमार्फत काम गरिँदा कतिपय वर्ष बजेट फ्रिज हुने, कतिपय अवस्थामा सामान्य घेराबाराजस्ता काममै ठूलो रकम खर्च हुने प्रवृत्ति देखिएको छ। यसले योजना कार्यान्वयनमा पारदर्शिता र दक्षताको अभाव औंल्याउँछ।

उता, सुनसरीको कोशी गाउँपालिकामा निर्माणाधीन 'कोशी रिफ्रेसमेन्ट सेन्टर' पनि समस्याग्रस्त परियोजनाका रूपमा देखिएको छ। पहिलो चरणमै ३३ करोड ६० लाख रुपैयाँ खर्च

*(बाँकी अन्तिम पृष्ठमा)*

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

# 'सन् २०२५मा ७९०० व्यक्ति मृत वा बेपत्ता'

**काठमाडौं, बैशाख ८।** सन् २०२५मा आप्रवासन मार्गहरूमा लगभग सात हजार ९ सय व्यक्तिको मृत्यु भएको छ वा बेपत्ता भएका संयुक्त राष्ट्रसंघको आप्रवासन निकायले मङ्गलबार सार्वजनिक एक रिपोर्टमा भनेको छ।

यससँगै आप्रवासनका क्रममा सन् २०१४ देखि सन् २०२५ को अन्त्यसम्म कूल मृतक र बेपत्ता व्यक्तिहरूको संख्या ८० हजारभन्दा बढी भएको छ।

संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) ले सुरक्षित मार्गहरू पहुँचभन्दा बाहिर हुँदा मानिसहरू खतरनाक, अनियमित यात्रामा जान बाध्य हुनेगरेको र ज्यान गुमाउने गरेको बताएको छ। सङ्गठनले देशहरूलाई आप्रवासन मार्गहरूमा बढीभन्दा बढी जीवन बचाउन राजनीतिक इच्छाशक्ति खोज्न आग्रह गरेको छ।

आइओएमले भनेको छ- सन् २०२५ मा विश्वभर आप्रवासनका क्रममा करिब सात हजार ९ सय मानिस मृत वा बेपत्ता भएको अभिलेख राखिएको छ। आइओएमको बेपत्ता आप्रवासी परियोजनाले सन् २०१४ यता आप्रवासनका क्रममा ८० हजारभन्दा बढीको मृत्यु र बेपत्ताको अभिलेख राखेको छ। यद्यपि यी तथ्याङ्कहरूले प्रभावित व्यक्तिहरूको वास्तविक संख्याको सबैभन्दा कम सीमालाई प्रतिनिधित्व गर्दछ, तर पनि यसले आप्रवासी मृत्युको अन्त्य गर्न र पछाडि छोडिएका परिवारहरूको जटिल आवश्यकतालाई सम्बोधन गर्न तत्काल प्रतिक्रियाको आवश्यकतालाई जोड दिन्छ- आइओएमले भनेको छ।

आइओएमले सन् २०२५मा भएको हजारौंको मृत्यु र बेपत्ताको अभिलेखले रोकथाम गर्न सकिने मृत्युलाई अन्त्य गर्न विश्वव्यापी असफलताको निरन्तरता र वृद्धिलाई सङ्केत गरेको बताएको छ। सन् २०२५मा सहायता कटौती र खतरनाक अनियमित मार्गहरूको सूचनामा प्रतिबन्ध लगाइएको थियो, जसले धेरैभन्दा धेरै बेपत्ता आप्रवासीहरूको गणनालाई कठिन बनाएको थियो- विज्ञप्तिमा भनिएको छ।

यसैबीच, आप्रवासीहरूको वेपत्ता हुने समस्याले गर्दा अहिले कम्तिमा तीन लाख ४० हजार परिवारका सदस्यहरू प्रत्यक्ष रूपमा प्रभावित भएको अनुमान गरिएको छ। उनीहरूले आफ्नो नातेदारको मनोवैज्ञानिक, सामाजिक, कानूनी र आर्थिक प्रभावहरूको सामना गरिरहेका आइओएमले जनाएको छ। बेपत्ता हुने समस्या अझै पनि समाधान भएको छैन।

आइओएमले सन् २०२६ मेको अन्तर्राष्ट्रिय आप्रवासन समीक्षा मञ्च गतिशीलता परिवर्तन गर्ने अवसर भएको बताएको छ। विश्वव्यापी आप्रवासन मार्गहरूमा जीवन बचाउन र यी रोकथाम गर्न सकिने क्षतिबाट सबैभन्दा बढी प्रभावित परिवारहरूलाई देख्न दिगो राजनीतिक इच्छाशक्ति आवश्यक छ- आइओएमले भनेको छ।

# बिर्तामोडमा मनाइयो कुलगुरु शंकराचार्यको जन्मजयन्ती



**बिर्तामोड, वैशाख ८।** दशनामी बन्धुहरुले बिर्तामोडमा कुलगुरु शंकराचार्यको जन्मजयन्ती मनाएका छन्।

नेपाल दशनामी समाज बिर्तामोड नगर अक्षयकोष व्यवस्थापन समितिले मंगलबार बिर्तामोडमा कुलगुरु शंकराचार्यको १२३८औं जन्मजयन्ती मनाएको हो। अक्षयकोष व्यवस्थापन समितिका संयोजक अर्जुन गिरीको अध्यक्षतामा भएको कार्यक्रममा समाज कोशी प्रदेश सल्लाहकार संयोजक चन्द्रप्रसाद गिरीको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा नेपाल दशनामी समाजका केन्द्रीय संस्थापक संरक्षक कृष्णकुमार गिरी, केन्द्रीय सल्लाहकार बालकृष्ण गिरी, कोशी प्रदेश अध्यक्ष पदमबहादुर पुरी (प्रकाश)को बिशिष्ठ आतिथ्य रहेको थियो।

बिर्तामोड नगर कोषाध्यक्ष बिदुर गिरीले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि चन्द्रप्रसाद, बिशिष्ठ अतिथि कृष्णकुमार र विशिष्ठ अतिथि पदमबहादुरले बोलेका थिए। उनीहरुले यस्ता कार्यक्रमले बन्धु एकता बढाउने भएकाले सबैले सहभागी हुनुपर्नेमा जोड दिएका थिए।

समाजको बिर्तामोड नगर सदस्य रणबहादुर गिरी, विश्वनाथ बन, पद्मादेवी पुरी (पुनम) लगायतको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन बिर्तामोड नगर प्रेस सल्लाहकार उद्धव पुरीले गरेका थिए।

# गृहमन्त्री गुरूङको राजीनामा माग गर्दै प्रदर्शन

**झापा, वैशाख ८।** गृहमन्त्री सुधन गुरुङको राजीनामा माग गर्दै गरेका नेविसंघका कार्यकर्ता पक्राउ परेका छन्।

मंगलबार प्रधानमन्त्री कार्यालय पुगेर उनीहरुले प्रदर्शन गरेका थिए।

नेविसंघले गृहमन्त्री गुरुङ विवादमा तानिएको भन्दै राजीनामा माग गरेको हो।

प्रधानमन्त्री कार्यालय सिंहदरबारभित्रै प्रवेश गरेर नेविसंघका कार्यकर्ताले नाराबाजी गरेका थिए।

# एपीएफ क्वाटर फाइनलमा

**भद्रपुर, बैशाख ८।** अधिकांश राष्ट्रिय खेलाडीले भरिएको सशस्त्र प्रहरीको एपीएफ फुटबल क्लब झापाको भद्रपुरमा जारी ओमसाई पाथीभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकपको क्वाटर फाइनलमा प्रवेश गरेको छ।

ओखलढुंगाको पदमा स्पोर्टस् क्लबलाई ६-० गोल अन्तरले हराउँदै एपीएफले क्वाटर फाइनलमा स्थान पक्का गरेको हो। एपीएफले क्वाटर फाइनलमा संकटा फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ।

पहिलो हाफ १-० गोल अन्तर बनाएको एपीएफले दोस्रो हाफमा गोलको वर्षा गरेको थियो। पहिलो हाफको २८औं मिनेटमा कप्तान अनिता बस्नेतको पासमा रश्मिकुमारी घिसिङले गोल गर्दै एपीएफलाई अग्रता दिलाएकी थिइन्।

दोस्रो हाफको ४१औं मिनेटमा रश्मिकुमारी घिसिङले गोल गरिन्। खेलको ४२ औं मिनेटमा एपीएफको लागि तेस्रो गोल रेनुका नगरकोटीको नाममा रह्यो। रश्मिकुमारीको पासमा नगरकोटीले सुन्दर गोल गरिन्। खेलको ५२औं मिनेटमा रश्मिले ह्याट्रिक पूरा गरिन्। खेलको ५४औं मिनेटमा अनिता केसीले अर्को गोल थपिन्।

पदमा स्पोर्टस्की डिफेन्डरको कमजोरीको फाइदा उठाउँदै उनले गरेको प्रहार गोल भएको थियो। ५६ औं मिनेटमा रश्मिले अर्को गोल थपिन्। डिबक्समा अनमार्क रहेकी उनले वान टचमा गोल गरेकी थिइन्।

खेलको ५४औं मिनेटमा पदमाकी पुष्पा खड्काले डिबक्सबाट गरेको प्रहार एपीएफकी गोलकिपर अञ्जना राना मगरले मुस्किलले बचाएकी थिइन्।

खेलको प्लेयर अफ द म्याच बिजेता टिम एपिएफकी रश्मिकुमारी घिसिङ भइन्। उनले नगद ११ हजार रुपैयाँ पुरस्कार पाइन्। आज बुधबार हुने क्वाटर फाइनल खेलमा नेपाल पुलिस फुटबल क्लब र भारतको रानी लक्ष्मीबाई स्पोर्ट्स एकेडेमीबीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिताको बिजेताले नगद ११ लाख रुपैयाँ र ट्रफी पाउनेछ। त्यस्तै, उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछ। यो पुरस्कार राशि महिला फुटबलमा नेपालकै सर्वाधिक हो। प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद ११ हजार रुपैयाँ पाउनेछ।

त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद एक लाख रुपैयाँ प्रदान गरिनेछ। उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र प्रशिक्षकले जनही नगद २५ हजार रुपैयाँ पाउनेछन्।




# इलाममा ट्रक दुर्घटना

**इलाम, वैशाख ८।** इलाम नगरपालिका-१० सिलपुरस्थित सडकखण्डमा कुखुराको दाना बोकेको मालवाहक ट्रक दुर्घटना भएको छ।



इटहरीबाट कुखुराको दाना बोकी फिदिमतर्फ जाँदै गरेको प्रदेश १-०४-००१ ख ००७२ नम्बरको एलपी ट्रक अचानक ब्रेकफेल भई दुर्घटनामा परेको हो। दुर्घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी तीनघरे इलामबाट प्रहरी सहायक निरीक्षक चारुचन्द्र ठाकुरको कमाण्डमा खटिएको टोलीले घटनास्थल पुगेर अनुसन्धान गर्दा चालक मोरङ जिल्ला सुन्दरहरैंचा निवासी करिब ४३ वर्षीय बाबुराम दाहाल (खत्री) सकुशल रहेको जनाएको छ।

प्रहरीका अनुसार ट्रक सडकको बायाँ साइडको नालामा पल्टिएको छ भने गाडीमा क्षति पुगेको छ। घटनामा कुनै मानवीय क्षति नभएको र सडक अवरोध समेत नभएको प्रहरीले जनाएको छ।

# दुई समूहबीच झडप

**भद्रपुर, बैशाख ८।** झापा जिल्लामा दुई समूहबीच झडप हुँदा एक जना घाइते भएका छन्। घटनामा चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

भद्रपुर-४ मन्त्रीचोकमा राधाकृष्ण अष्टजाम हेर्न गएका समूहबीच हानाहान भएको हो। उक्त घटनामा कचनकवल गाउँपालिका-४ निवासी विष्णु माझीको टाउकोमा गम्भीर चोट लागेको छ। उनको कानमा पनि घाउ लागेको छ। उनको स्थानीय मेडिकल क्लिनिकमा उपचार भइरहेको छ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले चार जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भरतपुर-७ बोक्ताबारीका १९ वर्षीय आदित्य सहनी, १९ वर्षीय रोमन मिस्त्री, १८ वर्षीय विवेक राजवंशी र भद्रपुर-६ फुटानीचोकका १८ वर्षीय प्रल्हाद राजवंशी रहेको प्रहरीले जनाएको छ।

# 'राम नाम सत्य'ले कमायो ३ करोड

नयाँ वर्षको छेको पारेर चैत २७ गतेबाट प्रदर्शनमा आएको फिल्म 'राम नाम सत्य'ले घरेलु बक्स अफिसमा सुखद व्यापार गरेको छ।




सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस विवरणमा फिल्मले ९ दिनमा २ करोड ७९ लाख रुपैयाँ ग्रस कमाएको उल्लेख छ। फिल्मको यो कमाइ ९७ हजार २०५ वटा टिकट बिक्रीबाट भएको हो।

बोर्डले फिल्मको ९ दिनको कमाइ विवरण सार्वजनिक गरेपछि मंगलबार वितरक गोविन्द शाहीले सोमबारसम्म फिल्मले ३ करोड २० लाख कमाएको दाबी गरेका छन्। उनका अनुसार केही हलमा बक्स अफिस सिस्टम जडान नभएकाले बोर्डको विवरणभन्दा फिल्मको कमाइ केही बढी रहेको छ। फिल्मले अझै पनि दर्शकको साथ राम्रो पाइरहेकाले व्यापार बढ्ने उनको विश्वास छ।

फिल्मको व्यापारबाट निर्माता पनि सन्तुष्ट देखिएका छन्। निर्माता उपेन्द्र शाहीले फिल्मको लगानी सुरक्षित हुने बाटोमा रहेको दाबी गरे। उनका अनुसार अमेरिकाबाहेक विदेशी बजारबाट ७० लाख र डिजिटल राइट्सबाट ७२ लाख रुपैयाँमा प्राप्त भएको छ। यसमा हलको पनि कमाइ जोड्दा फिल्ममा भएको तीन करोड लगानी उठ्ने निश्चित रहेको उनको भनाइ छ।

माइकल चन्दको निर्देशनमा बनेको यस फिल्ममा विराज भट्ट, सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, आयुष सिंह ठकुरी, सुनील थापा, प्रशान्त ताम्राकार लगायतका कलाकारहरूको अभिनय रहेको छ। स्वेता विमली र उपेन्द्र शाहीले फिल्मको निर्माण गरेका हुन्। निर्माताले यो फिल्मको सिक्वेल निर्माणको समेत घोषणा गरिसकेका छन्।

## सामाजिक ...

आइडी सानू भाइ नामक एकाउन्टबाट पूर्व प्रधानमन्त्री केपी ओली, पूर्व गृहमन्त्री रमेश लेखक, पूर्वमन्त्री दीपक खड्कालाई तुरून्त रिहा गर, अन्यथा प्रधानमन्त्री तथा गृहमन्त्रीलाई गोली हान्न टिम बाध्य हुनेछ, जसका लागि एके-४७ जस्ता अत्याधुनिक हतियारहरू काठमाडौंमा भित्रिसकेको छ भनी पोष्ट गरी सर्वसाधारण जनमानसमा त्रास फैलाउने र आफूले भनेका कुराहरू नमानेमा हालको प्रधानमन्त्री तथा गृहमन्त्रीलाई ज्यान मार्ने धम्कीपूर्ण भिडियो समेत सार्वजनिक गरेको खुल्न आएको छ।

उनलाई विद्युतिय कारोबार ऐन, २०६३को दफा ४७ बमोजिमको कसुरमा थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि साइबर व्यूरो भोटाहिटी पठाइएको छ।

## ठगीमा ...

पार्ने गरेको र हालसम्म २६ जनाबाट १६ लाख ६० हजार रूपैयाँ ठगी गरेको समेत खुल्न आएको छ। उनलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## कोशीका ...

भइसकेको यस परियोजनाले अपेक्षित लगानी आकर्षित गर्न सकेको छैन। प्रदेश लगानी प्राधिकरणले यसलाई लगानी सम्मेलनमा प्रस्तुत गरे पनि हालसम्म कुनै ठोस् साझेदारी वा सम्झौता हुन सकेको छैन।

अर्थ समितिका सदस्य बाबुराम गौतमका अनुसार, उपभोक्ता समितिमार्फत सञ्चालन भएका आयोजनामा अनियमितता र कमजोर अनुगमनबारे व्यापक गुनासो आएका छन्। ठूलो रकम खर्च भइरहँदा पनि प्रतिफल नआउनु गम्भीर विषय हो- उनले भने- यसले प्रदेशको समग्र आर्थिक विकासमै असर पार्न सक्छ।

समितिले अनुगमनपछि स्थानीयवासी, सरोकारवाला निकाय र प्राविधिक पक्षसँग छलफल गरी विस्तृत प्रतिवेदन तयार पार्ने जनाएको छ। उक्त प्रतिवेदन प्रदेश सरकारलाई बुझाइनेछ, जसका आधारमा आगामी नीति तथा निर्णयहरू प्रभावित हुने अपेक्षा गरिएको छ।

## विद्यालय ...

गरिसकेका छन्। त्यसपछि वैशाखको दोस्रो सातासम्मको लामो अन्तरालले विद्यार्थीलाई 'शैक्षिक शून्यता'मा धकेलेको छ। यो खाली समय सबैका लागि चुनौतिपूर्ण बनेको छ। अभिभावकले पनि बालबालिकालाई कसरी व्यस्त राख्ने भन्नेमा समस्या भोगिरहेका छन्- उनले भने।

प्याब्सन झापाका सचिव उप्रेतीले अहिलेको अवस्थालाई 'सिकाइको निरन्तरता'को दृष्टिले हेर्नुपर्ने बताए। उनका अनुसार विद्यालय केवल पाठ्यपुस्तक पढाउने ठाउँ मात्र नभई सामाजिक र नैतिक विकासको केन्द्र पनि हो। यो समयमा हामीले पाठ्यक्रमभन्दा बाहिरका कुरा सिकाउन सक्छौं- जस्तै अनुशासन, सहकार्य, योग, हस्तलेखन, संवाद सिप- उनले भने- यसले विद्यार्थीलाई विद्यालयसँग पुनः जोड्ने अवसर दिन्छ।

प्याब्सन बाह्रदशीकी कोषाध्यक्ष स्मिता राजवंशीका अनुसार विद्यालय बन्द हुँदा बिद्यार्थीहरू कुलतमा फस्ने जोखिम बढेको छ। डिजिटल उपकरणमा अत्यधिक समय बिताउने, बाहिर अनियन्त्रित रूपमा घुम्ने, पढाइप्रति उदासीन हुने जस्ता समस्या देखिन थालेका छन्- उनले भनिन्- यही कारणले हामीले विद्यालय सञ्चालनको पहल गरेका हौं। तर, स्थानीय सरकार भने यस विषयमा सावधानी अपनाउँदै अघि बढ्न खोजिरहेको छ। बाह्रदशी गाउँपालिकाले संघीय सरकारको निर्णयलाई प्राथमिकता दिँदै प्याब्सनको प्रस्तावमाथि कार्यपालिकाको बैठकबाट मात्रै निर्णय गर्ने जनाएको छ।

शिक्षा शाखा प्रमुख गीता सुवेदीले विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने प्रस्ताव सकारात्मक भए पनि त्यसलाई औपचारिक अनुमति दिने विषयमा नीतिगत स्पष्टता आवश्यक रहेको बताइन्। विद्यार्थीलाई घरमै राख्नुभन्दा विद्यालयमा ल्याएर सिर्जनात्मक गतिविधिमा संलग्न गराउनु राम्रो हो- उनले भनिन्- तर हामीले समग्र नीति र निर्देशनलाई पनि ध्यान दिनुपर्छ।

कार्यक्रममा प्याब्सन झापाका सदस्य खगेन्द्र सुवेदी, प्याब्सन बाह्रदशी सचिव हरबहादुर राजवंशी, सदस्यहरु गंगाराम कँडेल, ज्ञानज्योति माविका शिक्षक नारायण ढकाल, दिव्यज्योति माविका विशाल घिमिरे लगायत सहभागी थिए।

## इन्धनको ...

भेनियर उद्योगबाट निस्किएको फोहोर वस्तुलाई पहिला फाल्नु पर्थ्यो कि जलाउनु पर्थ्यो। अहिले हामी त्यो फोहोर वस्तु किनेर इन्धन बनाइराखेका छौं। उद्योगमा लगाइएको आधुनिक स्तरको यो प्लान्टले १२ घण्टामा ७० हजार केजी प्यालेट उत्पादन गर्न सक्छ। अहिले यहाँका चिया उद्योगका लागि दैनिक ४० टन प्यालेट माग भइसकेको छ। भारतको शिलगढीबाट पनि यसको माग आइसकेको छ। 'भोलिका दिनमा यसलाई भारत निर्यात गर्न सक्दा विदेशी मुद्रा पनि सजिलै भित्र्याउन सकिन्छ'- उनले भने। यस किसिमका उत्पादन गर्ने उद्योगीहरूलाई प्रोत्साहन गर्न सरकारले नीति बनाउन आवश्यक छ। सरकारले बायोमासमा लागेका उद्योगीहरूलाई सहुलियतमा ऋण उपलब्ध गराउनेदेखि आयकरमा पनि छुटको व्यवस्था गरिदिए देशमा उद्योगधन्दा अझ फस्टाउँदै जान्छ। सरकारले यस्ता उद्योगलाई विकल्पमा भन्दा प्राथमिकतामा राख्नुपर्ने सञ्चालक पराजुलीको भनाइ छ।

## विभिन्न ...

अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो। केदारबहादुरलाई काठमाडौं महानगरपालिका-१३ बाट सोमबार, मिथिलेशलाई काठमाडौं-१२बाट आइतबार तथा रामतुला र सुनितालाई भक्तपुर मध्यपुरथिमी नगरपालिका-१बाट पक्राउ गरेको प्रहरीले जनाएको छ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## २३ लाख ...

करिब ५० हजार जना महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका तथा १५ हजार स्थानीय तहका स्वास्थ्यकर्मी खटिएका थिए।

सरकारले हरेक आर्थिक वर्षको कात्तिक र वैशाखमा राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम २०५९ सालदेखि र जुकाको औषधि खुवाउने कार्यक्रम २०६७ सालदेखि सञ्चालन गर्दै आइरहेको छ।


**राहदानी हरायो**

शिवसताक्षी-१० माइधारबाट बिर्तामोड जाने क्रममा यही मिति २०८२।११।१५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम** :- इश्वरकुमार राई
**ठेगाना** :- शिवसताक्षी माईधार-१०
**राहदानी नं.** :- १०६६५९००
**सम्पर्क नं.** :- ९७६७५८७५९१



**शिवसताक्षी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
ब्याङ्डाँडा, झापा
कोशी प्रदेश, नेपाल

**सँधियारका नाममा जारी भएको सूचना**

यस नगरपालिका क्षेत्रभित्र वडा नं. १ साविक तोपगाछी गा.वि.स. वडा नं. ९ को कित्ता नं. २९९०, ज.वि. ०- २-० जग्गामा निम्नलिखित चौहद्दीभित्र निम्नलिखित अनुसार नाप साइज पक्कीको छाना भएको घर / कम्पाउण्ड बाल बनाउन नक्सा पास गरी पाउँ भनी शिवसताक्षी न.पा. वडा नं. १ वस्ने श्री मनमाया बोहोराको नक्सासहितको दरखास्त पर्न आएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७, दफा ३१ को (क) अनुसार १५ दिने सूचना लेखी एकप्रति ऐ. वडा अध्यक्षज्यूमा जानकारीका लागि पेश गरी एक प्रति साँध संधियारको घर दैलोमा र सो घर कम्पाउण्ड वाल बनाउने स्थानमा तथा शिवसताक्षी नगरपालिका कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ। उपयुक्त अनुसारको सो बनिँदा त्यहाँको साँध संधियारको सन्दी सर्पन वा अरु कसैलाई पिर मर्का पर्छ/पर्दैन। यदि पीर मर्का परेमा यो सूचना टाँस भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुत प्रमाणसहित रितपूर्वकको दरखास्त दिनु होला, उचित कार्वाही हुनेछ। तोकिएको म्यादभित्र दरखास्त पर्न नआएमा पछि उजुरी लाग्ने छैन, ऐन नियमानुसार नक्सा पास भइ जाने छ।

१. पक्की एक तला घर/कम्पाउण्ड वाल बनिने जग्गाको चौहद्दी विवरण

| दिशा | छोडेको आफ्नो जग्गा (फिट/मिटर) | सँधियार | | |
|---|---|---|---|---|
| | | कि.नं. | नाम, ठेगाना | कैफियत |
| पूर्व | | ऐलानी जग्गा | | |
| पश्चिम | | ३९१७, ३९१६, ३८९०, ४४०३ | | |
| उत्तर | | ३९१९ | | |
| दक्षिण | | कालोपत्रे बाटो | | |

घर/कम्पाउण्ड वाल नाप : लम्बाई ३७'८": चौडाई २६' उचाई १०'६ तल्ला संख्या १ शौचालय, सेफ्टीट्यांकी छ।



**खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।**

- सबै बालबालिकालाई तोकिएको समय तालिका अनुसार खोप लगाऔं,
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं,
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं,
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवा बारे जानकारी लिऔं।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९७०८८२६९०५) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## सेवा व्यवस्थित गर

**जेन–जी विद्रोहको जगमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचन र निर्वाचनबाट बनेको बालेन्द्र शाह नेतृत्वको सरकारले अनुभूति गर्ने गरी सेवा सञ्चालन गर्ने घोषणा गरेको छ । त्यसै अनुसार आमनागरिकको जीवनसँग बढी सरोकार राख्ने कार्यालयहरुबाट प्रवाह हुने सेवालाई व्यवस्थित, पारदर्शी र छिटोछरितो बनाउन बढी भीडभाड हुने कार्यालयहरुमा टोकन प्रणाली लागू गरेको छ । यही क्रममा बैशाख ७ गते सोमबारदेखि झापाको भद्रपुरस्थित भूमिसुधार तथा मालपोत कार्यालयले पनि टोकन प्रणाली लागू गर्दै सेवा सञ्चालन गरेको छ । नयाँ प्रणाली लागू गर्दा तत्काल सुविधा नभए पनि कालान्तरमा सेवा सहज हुने आशा गरिएको छ ।**

**नयाँ प्रणालीले सेवाग्राहीलाई घण्टौं लाइनमा बस्नुपर्ने अवस्था घट्ने बताइएको छ । प्रत्येक फाँटमा पच्चीस–पच्चीस वटा टोकन वितरण गरिने र कूल छ वटा फाँटबाट प्रतिदिन एक सय पचास वटा लिखत सम्बन्धी काम सम्पन्न गर्ने कार्यालयले दाबी गरेको छ । कार्यालयका सूचना अधिकारी मोहनसिंह दर्जीले बिहान कार्यालय खुल्लासाथ अर्थात् ९ बजेदेखि टोकन वितरण गरिने र सेवाग्राही स्वयम् उपस्थित हुनुपर्ने बताए । मालपोत कार्यालयबाट प्रवाह हुने सेवामध्ये कतिपय सेवालाई टोकन नचाहिने पनि सूचना अधिकारी दर्जीले जानकारी दिए ।**

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत भूमि व्यवस्थापन तथा अभिलेख विभागको निर्देशन अनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउन टोकन प्रणाली लागू गरिएको बताइन्छ । यसअघि मालपोत तथा नापी कार्यालयमा भू–सेवा सञ्चालन, कानून तथा लेखापढी व्यवसायीले सहजीकरण गर्दै आएको सेवा अब सम्बन्धित व्यक्तिले आफैंले गर्नुपर्ने व्यवस्था गरिएको छ । यदि सेवामा सहयोग आवश्यक परेको खण्डमा व्यवसायीले परिचयपत्रसहित समन्वय गर्न सक्ने व्यवस्था गरिएको छ । तर, विचौलियाको नाममा कानूनी प्रक्रिया पूरा गरेका भू–सेवासँग सम्बन्धित व्यक्तिलाई अपमानित गर्ने कामले एक त उनीहरु वेरोजगार हुनेछन् भने अर्कातिर सेवाग्राहीले समेत सास्ती भोग्नु पर्नेछ ।**

**झापाका नौ वटा पालिकालाई सेवा प्रवाह गर्दै आएको भद्रपुरस्थित मालपोत कार्यालय अपेक्षित सेवा दिन नसकेको बताइन्छ । सेवाग्राही भू–सेवा मार्फत सेवा लिइरहेकामा आफैंले काम गर्नुपर्दा अन्यौल देखिएको छ । त्यस्तै टोकन प्रणाली पनि व्यवस्थित छैन र आजको टोकन अनुसार काम दोस्रो दिन गर्नुपर्दा भीड झन अव्यवस्थित भएको छ । टोकन प्रणाली व्यवस्थित गर्न टोकन लिएकै दिन काम सक्ने व्यवस्था गर्नुपर्छ । एउटा कामका लागि पाँच–सात जनासम्म सेवाग्राही आउने परम्परालाई नियन्त्रण गर्नुपर्छ । सेवा प्रवाह छिटो, सहज र व्यवस्थित गर्न लेखापढी व्यवसायीले पनि अनुचित लेनदेनको काम बन्द गर्नुपर्छ । यसले मात्र सेवामा सुधार गर्न सकिन्छ ।**

# औचित्यहीन युद्ध, पर्यावरण र जलवायु परिवर्तन



दीपेन्द्र पाण्डे



यतिबेला विश्व चिन्तित छ। 'ट्रम्प/नेतन्याहू'द्वारा लादिएको युद्धले नयाँ मोड लिएको छ। ४० दिने युद्धको दौरान इरान, इजरायल र खाडी मुलुकमा अकल्पनीय क्षति भएको छ। हजारौँ भौतिक संरचना माटोमा मिलेका छन्। जसको कारण गम्भीर वातावरणीय सङ्कट निम्तिएको छ। विश्लेषकहरूको दाबी अनुसार विश्वव्यापी तापक्रम उल्लेखनीय रूपमा वृद्धि हुँदैछ। प्रारम्भिक विश्लेषणले देखाएको छ- 'द्वन्द्वको पहिलो दुई हप्तामै ५० लाख टनभन्दा बढी कार्बन उत्पादन भएको छ। जुन आँकडा आइसल्यान्डबाट उत्सर्जन हुने एक वर्ष बराबर हो।

'अपरेसन एपिक फ्युरी' पछि अमेरिकाले आठ हजारभन्दा बढी उडान शुरु गरिसकेको छ। युद्धमा बमवर्षक, लडाकु जेट, ड्रोन, कार्गो विमान र इन्धन भर्ने विमान र सैन्य हेलिकप्टर समावेश छन्। युद्धले ल्याउने वातावरणीय क्षति डरलाग्दो छ। ऊर्जा सुविधा, इन्धन डिपो र तेल ट्याङ्करमा गरिएको बम विस्फोटले हावा, माटो र जलमार्ग विषाक्त रसायनले भरिएको छ। जसले गर्दा दीर्घकालीन खतराहरू चुलिएको छ। औद्योगिक स्थलको विनाशले दीर्घकालीन प्रदूषणलाई स्वागत गरिसकेको छ। वातावरणीय प्रभाव इरान या खाडी मुलुकमा मात्र सीमित हुने छैन।

युद्धरत मुलुकमा उत्पादन भएको कार्बन उत्सर्जन मानव जातिको टाउको दुखाई बन्ने निश्चित छ। युद्धमा प्रयोग भएका विमान र यातायातका साधनले अत्यधिक ऊर्जा खपत गरिरहेका छन्। लडाकु जेटले डेढदेखि दुई घण्टा उडान गर्दा लगभग पाँच हजार छ सयदेखि छ हजार पाँच सय लिटर इन्धन खपत गर्छ। परम्परागत यात्रुवाहक कारले सम्पूर्ण जीवनकालमा निकाल्ने कार्बन युद्धमा प्रयोग हुने एउटा विमानले एक दिनमा फाल्दैछ। डच विद्वान लेनार्ड डे क्लार्कको टोलीले गरेको अनुसन्धान अनुसार रुस/युक्रेन युद्धमा अहिलेसम्म तीन सय ११ मिलियन मेट्रिक टन हरितगृह ग्यास बराबर उत्सर्जन गरिसकेको छ, जबकि गाजामा भएको युद्धले दुई वर्षमा ३२ टन उत्सर्जन गरिसकेको छ। मध्यपूर्वको युद्ध समाप्त हुने बेलासम्म कति टन कार्बन उत्सर्जन हुन्छ भन्ने अनुमान गर्न हतार हुनेछ।

यतिबेला विश्वव्यापी ऊर्जा बजार अस्तव्यस्त भएको छ। युद्धको चोक पोइन्ट बनेको होर्मुज जलडमरु बन्द हुँदा आपूर्ति अवरोध तीव्रगतिमा उकालो चढेको छ। होर्मुज जलडमरूबाट २० प्रतिशत विश्वव्यापी तेल र ग्यास सप्लाई हुँदै आएको अवस्थामा अकस्मात् अवरोध आएको छ, जसले गर्दा विश्वले जीवाश्म इन्धन प्रतिको निर्भरता पुनर्विचार गर्न बाध्य हुँदैछ। अकस्मात् आएको ऊर्जा सङ्कटलाई टार्न कोइलाको प्रयोग गर्न बाध्य बनाएको छ, जसले थप कार्बन उत्सर्जनमा बल पुऱ्याउने छ। द्वन्द्वले विश्वव्यापी ऊर्जा प्रणालीमा संरचनात्मक परिवर्तन र वातावरणीय विनाशको अवस्था सिर्जना गरिरहेको छ।

युद्धले विकास योजनाको सिद्धान्तलाई चुनौती दिन्छ। विकास र संरचना द्वन्द्वको अनुमानित लक्ष्य हुन्। युद्धको समयमा मुलुकको सर्वोच्च निकायमा काम गर्ने व्यक्तिहरू आक्रमणको लक्ष्य बनाइन्छ। युद्धको निसाना सैन्य कमान्ड संरचना, सञ्चार माध्यमहरू, वित्तीय केन्द्र र अन्य महत्त्वपूर्ण आर्थिक र रणनीतिक सम्पत्तिहरूले सहरलाई जोखिममा पार्छन्। द्वन्द्वले नागरिक स्थल र बालबालिका समेतलाई छोड्दैन। युद्धको दौरान सैन्य कमान्डरहरूले मानवढाल प्रयोग गरेको अनेकौँ घटना पढ्न पाइन्छ। युद्धरत पक्षहरूले एक अर्कालाई आक्रमण गर्दा निर्दोष मानिसहरू निशाना बन्छन् र क्रस फायरमा फस्छन्।

हरेक वर्ष मार्च महिनाको अन्तिम शनिबार विश्वले 'अर्थ आवर' (Earth hour) मनाउँदै आएको छ। गत मार्च महिनाको २८ तारिखको दिन विश्वले अर्थ आवर मनायो। उक्त समयमा विश्वका धेरै देशले बत्ती निभाएर ऊर्जा बचाउँदै पर्यावरण प्रति जिम्मेवार भएको सन्देश दिए। दुर्भाग्यवश यसै समयमा 'अमेरिका-इजरायल'ले इरानमाथि भीषण आक्रमण गर्दै पर्यावरणबिरुद्ध निन्दनीय भूमिका निभायो। प्रतिशोधात्मक भूमिकामा रहेको इरानले इजरायल र खाडी मुलुकमा ड्रोन र मिसाइल आक्रमण गरिरह्यो, जसले पर्यावरणलाई थप कमजोर पुऱ्यायो।

युद्धको असर केवल राजनीतिक नक्साको अधिनमा बस्दैन। राजनीति र युद्धले पर्यावरण माथि गम्भीर धक्का दिँदै आएको छ। जब युद्ध शुरु हुन्छ या गरिन्छ बम, मिसाइल र रासायनिक हतियारको प्रयोगले हावा, पानी र माटोलाई विषालु बनाउँछ। सिसा, मर्करी, क्याडियम, युरेनियम जस्ता धातु युद्धको दौरान माटोमा मिल्ने गर्छ। जसले जमिनको प्राकृतिक तागत समाप्त गर्छ। तत्पश्चात् माटो खेतीयोग्य रहँदैन। प्रदूषित पानी पिउन अनुपयुक्त हुनेछ। युद्धमा प्रयोग गरिने रसायनले नयाँ नयाँ रोगलाई जन्म दिनेछ। अपाङ्ग, विकृत र रोगी बालबालिका जन्मिने छन्। जलवायु परिवर्तनले जीवनका स्रोतहरूमा तनाव निम्त्याउँछ। जलवायु शरणार्थी जन्माउने छ। जसले गर्दा स्थानीय सरकारलाई अस्थिर बनाउने छ। कालान्तरमा 'अराजकता र आतङ्कवाद'को कारण बन्न सक्नेछ।

युद्धले पर्यावरणको हत्या गर्दै आएको छ। यसको भयावह अवस्था बुझ्न भियतनाम युद्ध काफी हुनेछ। जहाँ अमेरिकाद्वारा प्रयोग गरिएको विषालु रसायनको असर आजसम्म परिरहेको छ। प्रदूषित तत्त्वले खाद्य शृंखलादेखि जनावरसम्म गम्भीर प्रभाव पार्नेछ। यसको अतिरिक्त, युद्धले मानव सभ्यता, जङ्गलको विनाश र प्राकृतिक विनाशलाई बढाउने छ, जसले पर्यावरणको सन्तुलन थप ध्वस्त बनाउने छ। बमबारी र सैन्य गतिविधिले दुर्लभ वन्यजन्तुको लोप हुने अवस्था आउने छ।

युद्धले जलवायु जोखिम बढ्ने छ। पृथ्वीको तापक्रममा वृद्धि हुनेछ। सन् १९९१ मा अमेरिकाले इराकमाथि गरेको बमबारीले पुष्टि गरिसकेको छ। युद्ध फर्मुला अनुसार चल्दैन। उक्त युद्धमा रणनीतिक ढङ्गले तेलको कुवामाथि बमबारी गरियो। तेलको कुवामा लागेको आगोले असीमित कार्बन डाइअक्साइड, कार्बन मोनोअक्साइड र सल्फर डाइअक्साइड फैलिँदा इराकको आकाश र समुन्द्री जीवनमा अकल्पनीय क्षति भयो। दुर्भाग्यवश अमेरिका कहिल्यै सुध्रिएन। उसले युद्धलाई व्यापार र मानव जातिलाई ग्राहक बाहेक केही ठानेन। सर्वसाधारण नागरिकलाई सम्पन्न बनाउन मरिहत्ते गर्नुको सट्टा मानव जीवनबिरुद्ध आँखा चिम्लेर युद्ध थोपर्दै छ। भविष्यमा आउने पुस्तालाई शुद्ध हावा, पानी र खेतीयोग्य जमिनबाट वञ्चित गर्ने तयारी गरिरहेको छ।

मानव जातिले असंख्य युद्ध लडेको छ। दुईवटा विश्व युद्धको नमिठो स्वाद चाखेको छ। शायद युद्धको दौरान ठूलो नोक्सानी व्यहोर्न बाध्य भएर होला, उसले केही नियमहरू बनाएको छ। जेनेभा कन्भेन्सन मार्फत युद्धको दौरान मानवीय व्यवहारलाई नियन्त्रित गर्न महत्त्वपूर्ण नियम बनाइएका छन्। शत्रुलाई सफाया गर्ने नाममा युद्धको दौरान जङ्गलको विनाश गर्न, आगो लगाउन, पानीमा विषको प्रयोग गर्न, जमिनको मरुभूमिकरण गर्न प्रतिबन्ध लगाइएको छ। पर्यावरणलाई हतियार बनाउन रोकिएको छ। कुनै पनि देशको मौसम, जलवायु या प्राकृतिक प्रक्रिया माथि छेडखानी गर्न प्रतिबन्ध लगाइएको छ। कृत्रिम वर्षा गराउँदै भीषण बाढीको चपेटमा पार्न, जमिनलाई सुख्खा बनाउने गतिविधिलाई कानूनी रूपमा अपराध या दण्डनीय बनाइएको छ।

शक्तिशालीहरू नैतिकवान् रहेनन्। मेसिनलाई दण्डहीनताको तालिम दिएर युद्ध जित्न निस्किएको अमेरिका/इजरायल विनाशमा भविष्य देख्दैछ, जसले मानवता खतरामा परेको सङ्केत गरिरहेको छ। यसको अर्थ एआईको सैन्यकरण गर्दै अगाडि बढेको अमेरिकी राजनीति आफ्नो औचित्य गुमाउँदैछ। डिजिटल युद्धलाई संसारले मौनतापूर्वक हेरिरह्यो भने अमेरिकी पुँजीवाद र अर्थतन्त्रमा आएको सङ्कटले विश्वमा छिट्टै जलवायु आपतकालतर्फ धकेल्न सक्छ। पर्यावरण र वातावरणीय सङ्कट आर्थिक मुद्दा बनेर उदाउँदैछ। ऊर्जा सुरक्षा, समष्टिगत आर्थिक स्थिरता, मुद्रास्फीति र जलवायु लचिलोपन फरक अनुहार भएका एउटै समस्या हुन्। यसले संरचनात्मक परिवर्तनलाई सङ्केत गरिरहेको छ। जसले गर्दा मुलुकले छिट्टै विद्युतीय ऊर्जातर्फ हामफाल्न अनिवार्य भइसकेको छ। पछिल्लो युद्ध र सङ्कटले गरिबीलाई अझ बलियो बनाउने जोखिम छ।

अमेरिका/इजरायलले लादेको इरान युद्धले विश्वव्यापी तेल बजारको इतिहासमा सबैभन्दा ठूलो आपूर्ति अवरोध निम्त्याएको छ। युद्धले ऊर्जा सार्वभौमिकताको बहसलाई जन्म दिएको छ। मध्यपूर्वले जलवायु सुरक्षाको नयाँ परिभाषा खोजेको छ। पछिल्लो सैन्य अपरेसन ठूलो मात्रामा कार्बन उत्सर्जन गर्ने कारण बन्दै छ। निकट भविष्यमा गरिने पुनर्निर्माणले उत्सर्जनको लेखाजोखा गर्नुपर्छ। ध्वस्त शहरी केन्द्रहरू, क्षतिग्रस्त बन्दरगाह र रिफाइनरीको पुनर्निर्माण गर्न लाखौँ टन स्टिल र सिमेन्ट चाहिन्छ। जसलाई उत्पादन गर्दा कार्बन उत्सर्जन थप बढ्नेछ। फलस्वरूप जलवायु परिवर्तन, तापक्रम वृद्धि, एसिड वर्षा र रासायनिक प्रदूषणले माटोको क्षय र जनस्वास्थ्य जोखिम बढाउने छ। विषाक्त प्रभावले दशकौँसम्म बाधा पुऱ्याउने छ।

अन्त्यमा मुलुकको तेल-सङ्कटलाई चुनौतीको रूपमा मात्र हेर्नु हुँदैन, सङ्क्रमणको अवसर पनि हो। मध्यपूर्व सङ्कट पश्चात् लगभग निश्चित भएको छ, मुलुक यथास्थितिमा चल्न सक्दैन। वास्तविक मुद्दा यो हो कि मुलुक कसरी सङ्क्रमणबाट निस्कन कोशिस गर्नेछ ? अनिश्चित बन्दै गएको भूराजनीति र अमेरिकी सङ्कटले अनेकौँ युद्धको बिऊ रोपिसकेको छ। मध्यपूर्वमा मच्चाइएको युद्धको असर जलवायु परिवर्तन बनेर छिट्टै मुलुक प्रवेश गर्नेछ, जसले हाम्रा हिमाल खाली हुनेछन्। तापक्रम वृद्धिमा अस्वाभाविक परिवर्तन आउनेछ। ततपश्चात् नसोचेको सङ्कट आउने करिब निश्चित छ। घटना र विचार

# विश्व पृथ्वी दिवस




आज अप्रिल २२ तारिख विश्व पृथ्वी दिवस संसारभर मनाइँदैछ। सन् १९७० मा पहिलो पटक पृथ्वी दिवस मनाइएको थियो। सन् १९९० देखि यो दिवसलाई वार्षिक रुपमा मनाइँदै आइएको छ। नेपालसहित विश्वका एक सय ९२ वटा मुलुकले यो दिवस मनाउन थालेका छन्। पृथ्वी दिवसको मुख्य उद्देश्य वातावरण संरक्षण गर्नेमा केन्द्रित छ। यो दिवस मनाउनुको अर्को उद्देश्य मानिसहरुलाई वातावरण संरक्षणमा लगाउनु पनि हो।

करिब छ अर्ब मानिससँगै रहेका करौडौं प्रजातिका वनस्पति, लाखौँ उभयचर, चराचुरुङी, घ्रर्सने जनावर, एक कोषीयदेखि बहुकोषी जीवहरुको साझा बासस्थान हो- पृथ्वी। ब्रम्हाण्डमा जीवन्तु अरु कहि छ त पृथ्वीमा छ। त्यसैले यो आफैँमा महत्व छ। तर, पृथ्वीमाथि मानिसको अव्यवस्थित दोहनले यो चपेटामा परेको छ। औद्योगिक विकासको अस्वस्थ होडबाजीले जल, जंगल, जमिन र जीवजन्तुलाई नकारात्मक असर पर्दै गएको छ। अहिले जमिन मरुभूमिकरण बन्दै गएको, समुद्रको सतह बढ्दै गएको, हिमालको हिउँ पग्लिरहेको, आगलागी, वन विनाश जस्ता घटनाले पृथ्वी संकटमा छ। मानव क्रियाकलापकै कारण यो संकटतर्फ धकेलिँदैछ।

रुख रोप्ने, हरियाली बढाउने, साइकल चलाउने र सकेसम्म पुनः प्रयोग गर्न मिल्ने ऊर्जा तथा प्लास्टिकको कम प्रयोगमा जोड दिने गरिन्छ। पृथ्वीको बढ्दो तापमान अहिलेको मुख्य चुनौती बनेको छ। बर्सेनि शून्य दशमलव १८ डिग्री सेन्टिग्रेडका दरले पृथ्वीको तापक्रम वृद्धि भइरहेको छ। जसका कारण पृथ्वीको उत्तरी ध्रुवमा बरफका चुचुरा पग्लिँदै गएका छन्। प्राकृतिक विपद्का घटनामा वृद्धि भइरहेका छन्। सन् १९७० अप्रिल २२ तारिखमा विश्वमा पहिलो पटक यो दिवस अमेरिकाले मनाएको थियो। सन् २००९ मा संयुक्त राष्ट्र सङ्घको ६३औं महासभाले अप्रिल २२ तारिखलाई विश्वभर पृथ्वी दिवसका रूपमा मनाउने निर्णय गरे अनुसार अहिले यो दिवस विश्वभर मनाइन्छ।

तापक्रम वृद्धिले 'हिटवेभ', खडेरी, बाढी, हुरी, आँधीका समस्या देखा परिरहेका छन्। पृथ्वीको बढ्दो तापक्रमले वातावरण बिगार्न निकै भूमिका खेलेको छ। अहिले संसारभरि नै डढेलो चुनौतीपूर्ण बन्दै गइरहेको छ। पृथ्वीको विनाश हुनु भनेको मानव लगायत सम्पूर्ण प्राणी जगतको विनाश हुनु हो। जथाभावी रुख-बिरुवा काटिनाले नदीनालाको छेउ किनारबाट बालुवा, ढुंगा, गिट्टी उत्खनन् गरिनाले, जथाभावी गाउँ-गाउँमा मोटरबाटो र डोजर आतंक गरिनाले अव्यवस्थित रुपमा बस्ती बस्नाले, अधिक मात्रामा थोत्रा सवारीसाधनको प्रयोग, अस्वस्थ्य औद्योगिकीकरण आदिले गर्दा पृथ्वी विनास हुँदै गएको छ। यसप्रति सबैले चिन्तन गर्नु आवश्यक छ।

पृथ्वी बचाउन जलवायु परिवर्तनको असर कम गर्न मानिसले व्यवहार परिवर्तन गर्न आवश्यक देखिन्छ। यसको शुरुवातका लागि जंगल क्षेत्र बढाउने र दिगो विकासका लागि वैकल्पिक उपायको खोजी गरिनुपर्छ। पृथ्वी दिवसको अवसरमा मानिसहरू वातावरणमा हुने क्षति घटाउन दिगो विधि अपनाउने प्रतिज्ञा गर्छन्। बढ्दो तापक्रम र प्राकृतिक स्रोतहरूको ह्राससँगै ग्लोबल वार्मिङ एउटा गम्भीर समस्या हो। पृथ्वीमा अहिले बढ्दो जनसंख्या, माटोको क्षय, जलवायु परिवर्तन, वन तथा पानीको कटान, वायु प्रदुषण जस्ता धेरै समस्याहरू छन्। वातावरण संरक्षणका लागि यो महत्त्वपूर्ण दिन हो। हरेक वर्ष पृथ्वी दिवस मनाइन्छ। तर, दिवस एकदिने दिवसका रुपमै सिमित रहनाले र मानिसहरुले गहिरिएर नसोचिदिनाले, दिनप्रतिदिन पृथ्वीको दोहन भइरहेको छ। पृथ्वीको संरक्षण गर्ने मानिसको दायित्व हो। यो दायित्वबाट मानिस उम्कन मिल्दैन।

यसर्थ हाम्रो उन्नति, प्रगति र सन्ततिको उज्ज्वल भविष्यका लागि पृथ्वीको बचाउ गर्नु र यसको वातावरण संरक्षण गर्नु हामी मानव जातिको कर्तव्य र दायित्व हो। जलवायु परिवर्तनसँग जुध्न थप काम गर्न आग्रह गरेर पृथ्वी दिवस मनाइन्छ। किनभने वैज्ञानिकहरूले यो वर्ष थप चरम तापक्रमको भविष्यवाणी गरेका छन्। जलवायु परिवर्तनका कारण विश्वकै सर्वोच्च शिखर सगरमाथा सहित आठ हजारभन्दा माथिका हिमालहरु भएको हाम्रो देश नेपालमा गम्भिर असर पर्ने देखिएको छ।

हामीले पृथ्वीको संरक्षण र यसको दिगोपनका लागि विश्वसामू आवाज उठाउन जरुरी छ। दिनप्रतिदिन मौसममा भइरहेको परिवर्तनले हाम्रो पृथ्वीमा ठूलो असर पर्ने देखिएको छ। केही दिनदेखिको गर्मीका कारण पूर्वी नेपालसहितका तराईका जिल्लाहरुमा लु को जोखिम रहेको मौसम विद्हरुले चेतावनी दिएका छन्। मौसममा आएको परिर्वतनको असर पृथ्वीमा पर्ने भएकाले पृथ्वीको संरक्षणका लागि राज्य र नागरिक गम्भिर बन्नु पर्ने देखिन्छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, समय उत्तमसिद्धि रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
आज बोलिको भरमा काम बन्ने योग छ, बोलिमा विचार पुऱ्याउनुहोला, स्वास्थ्यमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ, नसोचेको ठाउँबाट अचानक धन आगमन हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
समय शुभ फलदायि रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, आजबाट धार्मिक गतिविधि बढेर जानेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
समय मध्यम रहेको छ, सानै भए पनि काममा सफलता मिल्नेछ, शरीरमा आलश्यता पैदा हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
व्यापार-व्यवसायमा सफलता मिल्नेछ, स्वास्थ्य सम्बन्धी समस्याले हुनसक्छ, पशुचौपायाबाट यथेश्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
दिन मध्यम रहेको छ, पारिवारिक रमाइलो जमघट हुनेछ, चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, मनमा खिन्नता पैदा हुनेछ ।

**मिति २०८३/०१/०८ मंगलबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. ३०१,३००/-

चाँदी प्रति तोला रु. ५,१६०/-

# पर्यटकको आकर्षक गन्तव्य बन्दै बोराबाध



□ **बिनोद पाण्डे**

**चारपाने, बैशाख ८।** सप्तकोशी नदी किनारको 'बोराबाध' अहिले आन्तरिक पर्यटनको नयाँ चर्चित गन्तव्य बन्दै गएको छ।

भारतका गुवाहाटीमा ब्रह्मपुत्र नदी र कोलकातामा गंगा नदी जस्तै नदी-आधारित पर्यटनको चर्चा भइरहँदा, नेपालमा कोशी किनारको यही क्षेत्रले पछिल्लो समय पर्यटकको ध्यान खिच्न थालेको हो।

सुनसरीको बराहक्षेत्र नगरपालिका-६ स्थित बोराबाध, नदी किनारको फराकिलो बालुवाको बगर, समुद्री किनार झैँ देखिने दृश्य र खुला आकाशमुनि सूर्यास्तको मनमोहक झल्कोका कारण विशेष आकर्षण बनेको छ। केही वर्ष अघिसम्म सुनसान रहने यो स्थान विगत पाँच महिनायता अहिले दैनिक हजारौँ मानिसले भरिन थालेको छ।

स्थानीय व्यवसायी बिकुल श्रेष्ठका अनुसार पछिल्लो समय यहाँ क्याम्प फायर, साना रिसोर्ट, कफी सप र खाजा पसल विस्तार भएसँगै पर्यटकको चहलपहल उल्लेख्य रूपमा बढेको छ।



'पहिले यहाँ कोही आउँदैनथे, अहिले साँझपख भीड नै व्यवस्थापन गर्न गाह्रो हुने अवस्था छ' -उनले भने।

'बोराबाध' नामको उत्पत्ति पनि रोचक छ। सप्तकोशी नदीको कटान रोक्न बोरामा सिमेन्ट भरेर बनाइएको बाँधबाट यसको नामकरण भएको स्थानीयहरू बताउँछन्। यही बाँधले विस्तारै पर्यटकीय स्वरूप लिँदै गएको हो।

स्थानीय सञ्चारकर्मी भीषण राईका अनुसार बिहान र दिउँसोभन्दा साँझको समयमा यहाँ सबैभन्दा धेरै भीड लाग्छ। 'दैनिक दुई हजारदेखि दुई हजार पाँच सयसम्म मानिस आउँछन्, शनिबार यो संख्या पाँच हजार नाघ्छ' -उनले भने।

उनका अनुसार सूर्य उदाएको हेर्न श्रीअन्तु पुग्नेहरू अहिले सूर्यास्तको दृश्य अवलोकन गर्न बोराबाध आउने क्रम बढ्दो छ। सुनसरीका इटहरी, धरान, इनरुवा मात्र होइन, मोरङ, झापा र विराटनगरबाट पनि दैनिक पर्यटक आउने गरेका छन्।

प्राकृतिक सौन्दर्य, खुला भू-दृश्य, नदी किनारको 'बीच' जस्तो अनुभूति, क्याम्प फायरको रमाइलो र स्थानीय स्वादले 'बोराबाध'लाई छोटो समयमै आकर्षक गन्तव्य बनाएको छ।

स्थानीयले भने यस सम्भावनालाई दीर्घकालीन बनाउन थप पूर्वाधार विकास-सडक, सरसफाई, सुरक्षा र व्यवस्थित सेवा विस्तार-आवश्यक रहेकोमा जोड दिएका छन्।

# रघुरेणुका नाममा सामाजिक श्राद्ध

**सुरुङ्गा, बैशाख ८।** आफ्ना मातापिता रेणुका तिम्सिना र रघुनाथ तिम्सिनाको स्मृतिमा शिक्षाकर्मी हरिप्रसाद तिम्सिनाले सामाजिक श्राद्धको परम्परा शुरु गरेका छन्।

कन्काई मावि सुरुङ्गाका अंग्रेजी विषयका शिक्षक तिम्सिना र परिवारजनद्वारा मातापिताको स्मृतिमा धनुषकोटीधाममा आयोजना गरिएको धार्मिक सभामा मातापिताको योगदानको चर्चा गरिएको छ।

१८ जना बटुकद्वारा स्वस्तीवाचन र श्री मद्भागवत्गीताको १५औं अध्यायको वाचन गरी शुरू भएको कार्यक्रम शिक्षक गोपालचन्द्र कट्टेलको सभापतित्वमा सम्पन्न भएको थियो। किरातेश्वर महादेव धनुषकोटीधाम संसथाको सचिव नारायण पौडेल (कुमार), कोषध्यक्ष अर्जुन सङ्ग्रौला, दोमुखा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सुरुङ्गाका व्यवस्थापक रमेश बाराकोटी, अध्यापक गोपाल ढकाल लगायतको आतिथ्य रहेको थियो।

कार्यक्रममा धनुषकोटी संस्कृत वेद विद्याश्रमका प्राचार्य बालकृष्ण शर्मा, अध्यापक डा. नवराज निरौला, तिम्सिना समाज झापाका सहअध्यक्ष देवीप्रसाद तिम्सिना लगायतले संस्कृत भाषा-साहित्यको संरक्षण र विकास गर्नुपर्ने, पितृको नाममा परोपकारी कार्य गर्नुपर्ने, असहायलाई दानदक्षिणा दिनुपर्ने विषयका जोड दिएका थिए।

समाजसेवा, सहयोग, दान, सम्मान लगायतका काम गर्ने २०६९ सालमा निधन भएकी माता रेणुका र २०७९ मा निधन भएका पिता रघुनाथको स्मृतिमा स्थापित रघुरेणु तिम्सिना स्मृति प्रतिष्ठानको अक्षयकोषमा एक लाख रुपैयाँबाट बढाएर दुई लाख रुपैयाँ पुऱ्याउने प्रतिष्ठानका अध्यक्ष हरिप्रसाद तिम्सिनाले बताए।

सो अवसरमा १८ जना ब्राह्मण बटुकहरूलाई फलफूल र मिष्ठान्नको भोजन गराइएको थियो।



# गोली चलाएर ब्राउनसुगर कारोबारी पक्राउ



**रतुवामाई, बैशाख ८।** मोरङको रतुवामाई नगरपालिकामा प्रहरीले गोली चलाएको छ।

भारतबाट लागूऔषध ल्याउँदै गरेका एक युवकलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गरेको हो।

रतुवामाई-१ हटिया डाँडामा भारतबाट नेपालतर्फ आउँदै गरेको बीआर ३८ एडी ५३९० नम्बरको मोटरसाइकललाई शंका लागेर प्रहरी टोलीले रोक्ने प्रयास गरेको थियो। तर, प्रहरी देख्ने बित्तिकै मोटरसाइकल लिएर चालक भाग्न खोजेपछि दुई राउण्ड हवाई फायर गरिएको मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालले बताए। उनका अनुसार हवाई फायरपछि मोटरसाइकलसहित चालकलाई नियन्त्रणमा लिन प्रहरी सफल भएको छ।

गोली हानेर प्रहरीले रतुवामाई-१ सोनापुरका २१ वर्षीय मोहम्मद आविद मियालाई पक्राउ गरेको छ। उनको साथबाट कालो प्लास्टिकमा प्याक गरिएको पाँच पोका ब्राउनसुगर फेला परेको प्रहरीले जनाएको छ। बरामद लागूऔषध प्लाष्टिकसहित चार सय ७५ ग्राम आठ सय २० मिलिग्राम रहेको एसपी कटवालले बताए।

प्रहरीका अनुसार मिया लामो समयदेखि लागूऔषध कारोबारमा संलग्न रहेको देखिएको छ। उनलाई इलाका प्रहरी कार्यालय सिजुवामा राखेर थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

प्रहरीले भारतसँग सिमाना जोडिएका जिल्लाहरुमा विशेष निगरानी बढाएसँगै लागूऔषध कारोबारी धमाधम पक्राउ पर्न थालेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ।


**विद्युत सामग्री मर्मत**
यहाँ मोटर, पंखा, जग, मिक्चर लगायत सम्पूर्ण विद्युतीय उपकरणहरु ग्यारेन्टीका साथ मर्मत गरिन्छ।
स्थान : हिकोला हेरीटेजबाट उत्तर डेनियल होटल निस्किने गल्लीमा
शिवशक्ति इलेक्ट्रीकल
प्रो. सुरेश पोखेल
फोन :- ९८१७९४७५६७

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैका लागी दृष्टि

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**होटल समृद्धि सुरुङ्गा**
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

SUNMAI SPRING
'थोपा-थोपामा जीवन छ'
HACCP ISO
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**उक्त सबै रोगहरूको तत्काल उपचार**
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ।
पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, बाथ, मुदु सम्बन्धी समस्या, थाईराईड, राति निद्रा नलाग्ने, रक्तचाप, छाती दुख्ने, मधुमेह, फोक्सो सम्बन्धी समस्या
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposjte of Paschim Bus Stand

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०८१/०८/०५ मा दर्ता भएको प्रा.लि. नं ३५५५२२ को नविन वर्ल्डवाइड ट्राभल्स प्रा.लि. नामक कम्पनीको दर्ता खारेज गरी पाउँ भनि यस कार्यालमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिने छ।

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

## सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ०५ बस्नेत श्री नविन भण्डारीको नाममा दर्ता रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा नक्सा घर नक्सा पेश गर्नु भएकोमा र स्थलगत सर्जमिन गर्न जाँदा संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा क प्रयोजनका लागि यो सात दिने सुचना प्रकाशित गरिदिनुहुन अनुरोध छ।

तपशिल

१. पूर्व तर्फ :- श्री युवराज भट्टराई
२. पश्चिम तर्फ :- श्री सनिसा बराल
३. उत्तर तर्फ :- बाटो
४. दक्षिण तर्फ :- श्री जयप्रसाद चिमरिया

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|
| अर्जुनधारा-०५ | २७८२ | ०-०-१० | २०८३/०१/०४ | २०८३।०१।०७ |

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

रबी लाल थापाको नातीनर बहादुर थापाको छोरा, जन्म स्थान मोरङ जिल्ला मधुमल्ला-७ भई हाल ईलाम जिल्ला चुलाचुली गाविस वडा २ बाह्रकोठे बस्ने लिला बहादुर थापाले यस शाखामा बचत खाता नं. २१९१५२४१४०७५२९, मुद्दती खाता नं. २१९३५२४१२०१०२४ र २१९३५२४१२००९१२ सञ्चालन गर्दै आउनु भएकोमा मिति वि.सं. २०८२/१२/१३ मा निज खातावालाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खाताहरुमा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने ईस्वरा रायले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक लिला बहादुर थापाको नाममा यस शाखामा रहेको बचत खाताबाट भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको दमक शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
दमक शाखा, दमक, झापा
फोन नम्बर: ०२३-५७५४१५
फ्याक्स: ०२३-५७५४१६


**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ?
यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई** सम्झनुहोस्। **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**कलर दोकानको रंगिन बहार**
यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं। साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस्।
कलर दोकान
बिर्तामोड नगरपालिका-४,
भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

**अब विद्युतीय वाइक बिर्तामोडमा**
वर्तमान इन्धन अभावलाई मध्यनजर गर्दै बिजुलीबाट घरमा सजिलै चार्ज गर्न सकिने तराई पहाडका बाटोमा प्रयोग गर्न मिल्ने विद्युतीय साइकल, स्कुटर किस्ता सुविधामा पनि उपलब्ध छ। चाडै सम्पर्क गर्नुहोला।
सम्पर्क
बिर्तमोड-४, भद्रपुररोड, नेपाल विद्युत प्राधिकरण गेट पूर्व लक्ष्मण मार्केट
फोन : ९८५२६४२७२७
९८०५५८२७२७

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**आधुनिक कृषि औजार चाहिएमा**
के तपाईलाई आधुनिक कृषि औजार चाहिन्छ।
*प्रिय कृषक दाजुभाइहरु,*
तपाईहरुलाई धान गोड्ने, मकै तथा आलु गोड्ने, फलामे हलो, कर्न सिड लाइनर, किटको हलो, गोवर व्यारो, कम्बाइन सेट, स्टिक कर्न सिडर नग्रे चाहिएमा हामीलाई सम्झनु होस्।
यहाँ अफिस, स्कूल, कलेज, बगैंचा सजावटका लागि फूल रोप्ने स्टेण्ड समेत उपलब्ध छ।
नेपालभरि होम डेलिभरीको व्यवस्था छ।
कनकाई एग्रो इन्जीनियरिङ
कनकाई-३, सुरुङ्गा, झापा
प्रो. केशर खड्का
फोन: ९८१६०६००४८, ९८४२१०५५९०

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं
चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैंसम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३